# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-२ | अंक-३७ | २०७४ चैत्र १४ गते बुधबार | 28 March 2018 Wednesday | मूल्य रू. १०/-



विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै

www.missionenews.com

अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।


# तरकारी खेतीले महिलाको आर्थिक उन्नती

**मिसन न्यूज**

**कालिकोट** -घरको चुलोचौकाबाट माथि उठेर यहाँका महिलाहरू व्यावसायिक तरकारी खेतीमा उत्साहित छन् । तरकारी खेतीबाट आम्दानी गरी जिविकोपार्जन गर्ने उद्देश्यले जुविथा गाल्जेका महिला तरकारी खेतीमा सक्रिय भएकी हुन् । तरकारी खेतीले गर्दा सयौं महिला किसानको आर्थिक उन्नती भएको छ । व्यवसायीक कृषि पाठसाला निर्माण गरेर यहाँका महिला कृषितर्फ निकै उत्साहित भएका छन् । जिल्लाको पुर्वी क्षेत्रमा पर्ने तिलागुफा नगरपालिका –६ मा पर्ने गाल्जे बजार नजिकै तरकारी उत्पादन गरेर महिलाले विक्री वितरण गर्ने गरेका छन् ।

गाल्जे बजार नजिकै महिला अगुवा कृषक रेशमा शाहीले बारीमा आलु, बन्दा, काउली, काँग्रालगायतका तरकारी उत्पादन गर्ने गरिकी छन् । रेशमाले एक सिजनमा कम्तिमा ३ देखि ५ क्वीन्टल विभिन्न प्रकारको तरकारी उत्पादन गर्छन् । उनले तरकारी खेतीबाटै आफ्नो घरखर्च चलाउने गरेकि छन् । ‘पहिला विउँ विजन पाउँनै मिल्दैन थियो । आजका मौसम अनुसारको तरकारीको विउँ पाइन्छ ।’ रेशमाले भनिन, ‘ म जस्तै धेरै महिलाले तरकारी खेती गरेकी छौ ।’ तरकारी उत्पादन गरेर छोरा–छोरीलाई स्कुल खर्च चलाउनुका साथै घरमा राम्रो आम्दानी हुने गरेको कृषक शाहीले बताइन् । रेशमा शाहीको तरकारी खेतीबाट प्रभावित भएर तरकारी खेती सुरु गरेको अर्की महिला कृषक राधिका शाहीले बताईन् । ‘तरकारी उत्पादन गरेर गाल्जे बजार र नाग्म बजारसम्म विक्री गर्न जान्छौ । जेहोस तरकारीले फाइदा नै गरेको छ ।’ राधिकाले भनिन् , ‘तरकारी हाम्रो गाउँघरमा राम्रो विकास भएको चलाउने गरेको पाईएको छ ।’ यहाँका महिलाहरु तरकारी खेती गरेर आयआर्जनका कार्यमा संलग्न छन् । जुविथाको गाल्जेका महिलाहरूको व्यावसायिक तरकारी खेतीमा आर्कषण बढ्दो छ । कृषिसम्बन्धी भम्रण र अनुगमनकर्ताहरूका लागि गाल्जे तरकारीको लागि निकै परिचित यस ठाउँका महिलाहरू व्यावसायिक तरकारी खेतीमा संलग्न छन् । तरकारी खेतीबाट



जुविथा गाल्जेमा महिला कृषक तरकारी नर्सरी तयार पार्दै ।

छ । मेहनत गर्ने हो भने, रुपैयाँ खोजेर बाहिर जानुपर्ने आवश्यकता नै छैन रहेछ ।’ विकास परियोजनाले तिलागुफा नगरपालिकामा किसानलाई राम्रो टोवा पुगाएको जिल्ला कृषि विकास कार्यालयका बागवानी अधिकृत धक्तिराम सर्माले बताए । उनले भने, ‘विशेष गरी महिलाहरुको तरकारी उत्पादन खेतीमा सक्रियता रहेको छ । सुवा गरे मेवा मिल्छ भने जस्तै, मेहनत गरेर घरखर्च आर्थिक उपार्जनमा टेवा पुगिरहेको महिला किसानहरूको भनाइ छ । तरकारी खेतीले राम्रो खान, लाउन, छोराछोरीलाई पढाउन पुग्नुका साथै बचतसमेत हुने गरेको उनीहरू बताउँछन् । तरकारी खेतीबाट यस क्षेत्रका महिलाहरूले एकै सिजनमा लाखौं कमाउने गरेका छन् । तर, उत्पादित तरकारीले बजार नपाउँदा भने यहाँ

**बाँकी ८ पृष्ठमा..**

# स्थानीय तहको बजेटमा उपभोक्ताको मनपरी

**मिसन न्यूज**

**दैलेख-** दैलेखको आठबीस नगरपालिका वडा नं. ६ मा खानेपानी सुधार र मर्मतका लागि भनेर नगरसभाले रु तीन लाख रकम विनियोजन गर्‍यो ।

कांग्रेसका नेता विष्णु आचार्य अध्यक्ष र बलबहादुर विक उक्त उपभोक्ता समितिको सचिव बनाइए । उनीहरुले काम शुरु गरे । काम गराउँदा १३० दिन हाजिरी पुग्यो । उनीहरुले मर्मत सुधारकालागि भनेर ३ बोरा सीमेन्ट र ६ बोरा बालुवा समेत ल्याए । तर त्यो



सामान खासै प्रयोग नै गरेनन् । ८ दिन काम गरेकी माता थापाले अरुलाई समितिका सचिव बलबहादुर विकले ५ सय दिएको तर आफूलाई भने ६४० रुपैंया दिएको लोकान्तरलाई बताईन् । ‘योजना फरफार भएको छैन । तिमिले

**बाँकी ८ पृष्ठमा..**

# विकासका लागि जलस्रोतको प्रयोग : सांसद शाही

**मिसन न्यूज**

**कालिकोट-**कर्णाली प्रदेश कालिकोटका सांसद कुर्मराज शाहीले प्रदेशमा रहेको प्राकृतिक स्रोतहरुको उच्चतम प्रयोग गर्नुपर्ने बताएका छन् । शनिबार रिपोर्टर्स क्लब नेपाल साखा कालिकोटको साक्षात्कारमा बोल्दै सांसद शाहीले कर्णालीमा रहेको अथाह प्राकृतिक स्रोत साधनहरुको उचित उपयोग गर्न नसकेका कारण यूवा जनशक्ति पलायन भईरहेको बताएका हुन । क्लबका अध्यक्ष शिवनाथ सिमखाडको अध्यक्षतामा आयोजित साक्षात्कारमा नेता शाहीले भने,‘कर्णाली मासिहरु सुन्दर प्राकृतिक छटाहरुको सिरान हालेर सुत्छन् ।

सिरानीभित्र स्रोतहरु राखेर अभावको भिख माग्ने स्थितिको अन्त्यका लागि हामी लागिरहेका छौं, प्राकृतिक स्रोतहरुको उचित प्रयोग गर्न नसकेकै कारण हजारौं यूवाहरु खाडि मुलुकमा जानु परेको छ, । ’ नेता शाहीले अघि थपे,‘तिला कर्णाली १ र २ मा ९ सय ५० किलोवाट जलविद्युत उत्पादनको क्षमता छ, यसको उत्पादनमा सरकार लागिरहेको छ, कर्णालीमा खपत गरेर अरु प्रदेशमा समेत बेच्न सकिने यस आयोजनाले देखाउछ ।’ नेता शाहीले हाईड्रो पावरको निमार्ण आफनो कार्यकालमा पहिलो प्रथामिकतामा राखेको बताउदै तिला हाईड्रो पावर नयाँ वर्ष बैशाखको पहिलो सातैमा निर्माण कार्य प्रक्रिया शुरु हुने बताए । ‘प्रदेश सरकारले कर्णाली राजमार्गमा संचालनहुने गाडिहरुमा साईरन जडान गरिसकेको छ, राजमार्गलाई दुई लेनको बनाउने विषयमा छलफल भईरहेको छ, जिल्ला अस्पताल कालिकोटमा चिकित्सक नभएको स्थितिका बारेमा जानकारी दिएका छौं, साथै स्वाथ्य मन्त्रालयमा गएर तत्काल चिकित्सक पठाउन दवाफ पनि दिएका छौं, केही दिन मै चिकित्सक आउनु हुन्छ ।’

## सम्पादकीय

### न्यायालयको मर्यादा पुनर्बहाली

नेपालको न्यायिक इतिहासमा यति लज्जास्पद ढंगबाट अवकाश पाउने गोपाल पराजुली नै पहिलो प्रधानन्यायाधीश बन्नपुगे। यो अवस्था निम्त्याउने उनी स्वयं हुन् । उमेरहद पार गरेका कारण प्रधानन्यायाधीश गोपाल पराजुलीले सेवाबाट अवकाश पाएका छन् । तर, परिस्थितिले उनको अवकाशलाई सहज हुन दिएन । आफ्नो उमेर ढाँट्दै पदमा बहाल रहेको अवस्थामा न्यायपरिषद्को कार्यालयले 'उमेर हद पुगेको' बताउँदै पत्र पठाएपछि उनी पदमुक्त हुनपुगे । ३० फागुनमा नवनिर्वाचित राष्ट्रपति विद्यादेवी भण्डारीलाई पद तथा गोपनीयताको शपथ गराउन शीतलनिवास पुगेकै बेला न्यायपरिषद्को पत्र सार्वजनिक भएपछि रामशाहपथस्थित आफ्नो कार्यालयसमेत पुग्न नपाई उनी पदमुक्त भए । नेपालको न्यायिक इतिहासमा यति लज्जास्पद ढंगबाट अवकाश पाउने गोपाल पराजुली नै पहिलो प्रधानन्यायाधीश बन्नपुगे । यद्यपि यो अवस्था निम्त्याउने उनी स्वयं हुन् । ६५ वर्षको उमेरसम्म प्रधानन्यायाधीश पदमा बहाल रहन पाउने कानूनी प्रावधान अनुसार जम्माजम्मी ५६ दिनको स्वाभाविक कार्यकाल लम्ब्याउन पदीय शक्तिको दुरुपयोग गर्दै उमेर जनिने नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र लगायतमा उनले गरेको जालझेल नै यस्तो लज्जास्पद बहिर्गमनको कारण बन्यो । त्यसमाथि, ती प्रमाणहरूमा गरेको खेलबाडप्रति प्रश्न उठाउनेहरूप्रति उनले साधेको इबीले संविधानको अन्तिम व्याख्याताका रूपमा रहेको न्यायालयको गरिमामाथि पनि प्रहार गर्‍यो ।

# कर्णालीका दुःख

**प्रेमबहादुर शाही**



मानिसले गर्ने दुःखको कुनै सीमा हुँदैन । कतिपयले जानी-जानी दुःख गरेका हुन्छन भने कतिपयले चाहिँ नजानेर । ती दुःखबाट कतिले प्रतिफल पाएका छन त कतिले नपाएका पनि । यस्तै प्रतिफल नपाउने दुःखमा छन सिङ्गो कर्णालीबासी । मैले कर्णालीमा राज्यको नजर नपुगेको सानै छँदा सुनेको थिएँ । मेरो मनमा त्यो कर्णाली क्षेत्र भनेको कस्तो होला ? किन राज्यको नजर पुग्न नसकेको होला ? जस्ता अनगिन्ती प्रश्न आइरहन्थे । संयोगले मलाई त्यही कर्णाली क्षेत्रमा पुर्‍यायो । सानोमा सुनेको कुराले मेरो मनभर यात्रा अवधिमा कर्णालीबार कौतुहलता जारी रह्यो । अनि सक्दो छिटो कर्णाली बुझ्ने हुटहुटी थियो । जब म कर्णालीको द्वार दैलेख कालिकोट सीमा पुगेँ, माथि देखिने कर्णालीको भूभागको दृश्यले मनै सिचो बनाइदियो । नदीको तिरैतिर सडक ।

तल हेर्दा सलल बगेको नदी । माथि हेर्दा अनकन्टार डाँडाहरू । वास्तवमा कर्णाली भनेको मैले सुनेको भन्दा धरै कहालिलाग्दो रहेछ। यात्राबाटै कर्णालीको वास्तविकता बुझ्न पाइयो । मसँग दुःख बिसाउन आइपुगिन जुम्लाको सिंजा घर भएकी एक अधवैसे महिला मन कोइरला । जो सडकमा आएको पहिरोका कारण विचल्ली परेकी थिइन्न । अनुहार चाउरी परेको । पिठयुँमा वर्ष दिन नपुगेको बच्चा । विस्तारै मैले उनीसँग कर्णाली सोधेँ । उनले पनि विस्तारै बेलिविस्तार लगाइन बिरामी छोराको जिल्लामा उपचार हुन नसकेपछि नेपालगन्ज जान लागेको । बच्चाको शरीरमा केही पिड्का छन तर जिल्ला अस्पतालमा उनका लागि औषधि छैन । पहिरोका कारण अब नेपालगन्ज पुग्नै ३-४ दिन लाग्ने भयो । गाउँका अरु घरमा जस्तै उनको घरका पुरुष पनि विदेशिएका छन परिवार पाल्न । त्यसैले उनी आफैं बच्चा बोकेर नेपालगन्ज हुइँकिनुको विकल्प रहेनछ। हो, नेपालको सबैभन्दा लामो कर्णाली नदीले घेरिएको त्यो ठाउँ देख्नलाई अति नै आनन्दलायक छ। तर यहाँको कठीन र कष्टकर जीवन पनि कम्ता अत्यासलाग्दो छैन । रोग, भोक र शोकले अत्तालिएको कर्णाली आफैँमा छटपटिइरहेको छ ।

राज्यको इच्छाशक्ति भएको भए कर्णालीमा असम्भव केही थिएन तर यसैको अभावमा यहाँ सम्भव केही देखिएको छैन । सामान्य रोग लाग्दा पनि ३-४ दिनको यात्रामा निस्कनुपर्ने बाध्यताले कसरी प्रगति निम्त्याउन सक्छ । तर सबैको पीडा यही थियो । मन त प्रतिनिधि पात्रमात्र थिइन् । जीवन बचाउनका लागिमात्र खानुपर्ने बाध्यतामा यहाँका बासिन्दा छन । खानाका अगाडि आउने पौष्टिक र उचित शब्दसँग उनीहरूको कुनै साइनो छैन । म जोसँग सोध्थेँ, उनीहरू उल्टै मलाई सोध्थे ? सिङ्गो कर्णालीको मुहार कहिले फेरिएला ? के हाम्रो जीवन यसैगरी सकिने भो त रु हो पनि, कर्णालीबासीले सरकार भएको अनुभूति अझै पाएका छैनन । जनताको हक अधिकारका लागि लड्ने अधिकारकर्मीसम्म उनीहरूको पहुँच छैन । शिक्षाको बिजोग उस्तै छ। सरसफाइ र रुढीवादीले पनि यही क्षेत्रलाई ऊर्वर ठानेको छ। राज्य अधिकार दिएको डंका पिटाएको पिटायै छ तर कर्णालीमा त्यो कहिले पुग्छ ? कसैलाई थाहा छैन । झुक्किएर पुगेको केही अधिकार पनि सीमित टाढाबाठामा केन्द्रित छ। सोझो अर्थमा भन्दा अहिले पनि कर्णाली अन्धकारमा छ जुन हिजो ढुङ्गे युगको इतिहासमा पढिन्थ्यो । पूरै भ्रमण सकेर फर्कदा पनि मेरो मनभर कर्णालीबासीले मसँग सोधेका तिनै प्रश्न उब्जिरहे, जुन म आफैँ पनि सम्बन्धितलाई सोधिरहेको थिएँ । आखिर कर्णालीले यसरी नगरेको अपराधको सजाय भोग्न पर्नुको मुख्य कारण के हो ?

मिसन न्यूज
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादक:पवित्र शाही
प्रवन्ध सम्पादक:निर्मला शाही
सह–सम्पादक:पंखबहादुर मल्ल
कम्प्युटर अप्रेटर:दिलिपकुमार शाही
बजार ब्यवस्थापक:विक्रम शाही
कार्यालय: खाडाचक्र नपा–१ कालिकोट
इमेल: missionnewsp@gmail.com
फोन नं. ०८७–४४०२४२,९८४८०४९४५५

मुद्रण: ईश्वर अफसेट प्रेस मान्म–५ कालिकोट

www.missionenews.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्यसंस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

# महँगो र सस्तो राष्ट्रवाद

डा. सुरेश आचार्य

माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको काम माघ २७ देखि बन्द छ । आयोजनाको फिल्ड अफिसमा बम विष्फोट गराइएपछि काम बन्द भएको हो । अहिले कर्मचारीहरू फिल्ड छाडेर सुर्खेत र काठमाडौं कार्यालयमा बसेका छन् । यो आयोजनामा पहिलो पटक बम विष्फोट गराइएको होइन । पटक पटक यस्ता घटना दोहोरिएका छन् । सुरक्षाको कारण देखाएर कर्मचारीहरू घटनाको महिनौंसम्म कार्यालय जाँदैनन् । यसपटक पनि उही प्रवृत्ति दोहोरिएको छ । भारतीय कम्पनीले बनाउन लागेको ९०० मेगावाट क्षमताको यो आयोजनाको प्रारम्भिक लागत अनुमान १ खर्ब १५ अर्ब थियो । अहिले काममा बाधा पुगेको कारण देखाएर लगानीकर्ताले यसको लागत १ खर्ब ४० अर्ब पुगेको बताएको छ । आगामी सन् २०२१ अर्थात् अबको तीन वर्षभित्र बनिसक्नुपर्ने यो आयोजनामा अहिलेसम्म ड्याम साइटका रुख कटान गर्ने तयारीमा पुगेको छ । यो गतिमाआयोजना समयमा सम्पन्न हुन अब सम्भव छैन ।

नेपाललाई १२ प्रतिशत अर्थात् १०८ मेगावाट बिजुली निःशुल्क दिएर बाँकी बिजुली २५ वर्षसम्म बेचबिखन गर्न पाउने यो आयोजनाको भविष्य अनिश्चित बन्दै गएको छ। बम विष्फोट एउटा निहुँ मात्र हो। खासमा लगानीकर्ताले यति ठूलो रकम जुटाउन सकेको छैन। गएको अक्टोबर अर्थात् असोजमा नै लगानी सुनिश्चित गरिसक्नुपर्ने थियो। तर त्यो सम्भव नभएपछि अहिले बम विष्फोटको जुन घटना गराइएको छ, त्यो प्रायोजित हो भनेर अनुमान गर्न कठिन छैन । यो आयोजनाका विरुद्धमा माओवादीको विप्लव समूह सुरुदेखि लागेको छ । उसले राष्ट्रिय आयोजना अरु मुलुक खासगरी भारतलाई दिन नहुने मान्यताका आधारमा विरोध गरेको हो । तर तुलनात्मक रूपमा आफ्नो प्रभाव क्षेत्र बनाएको विप्लव समूहले आयोजनालाई चन्दाको नियमित स्रोतका रूपमा प्रयोग गरेको छ । उसले पटक पटक यो आयोजनामा आक्रमण गरेको जिम्मेवारी लिँदै आएको छ । तर ठूलो क्षति हुने गरी कुनै घटना गराइएका छैनन् । अहिलेको घटना पनि कार्यालयको पर्खालमा बम विष्फोट भएको मात्र हो । तर आयोजना डेढ महिनादेखि बन्द छ । भारतले हात हालेका अधिकांश ठूला आयोजनाहरू काम नै नगरी अड्काएर राखिएका छन् ।

जलविद्युत् क्षेत्रको पञ्चेश्वर यसको ज्वलन्त उदाहरण हो । पछिल्लो समय कर्णालीसँगै अरुणको पनि सुस्त गतिमा काम अघि बढेका छन् । हुलाकी सडक भारतले सहयोग गरेको नाममा अझै अलपत्र छ । न राज्यले बनाउँछ, न भारतले नै बनाइदिन्छ । नेपालको विकासका सन्दर्भमा भारतको दृष्टिकोण के हो भनेर बुझ्न यी आयोजना उदाहरणका रूपमा पर्याप्त छन् । तर नेपालमा विकासको सट्टा अराजकता चाहनेहरू भारतको यो ढिलासुस्तीमा सहयोगी बनेर राष्ट्रवादको बिक्री गरिरहेका छन् । ढिलाइका नाममा लगानीकर्ताले असुल्ने रकम राष्ट्रवाद खरिदमा दिइएको चन्दा भन्दा कयौं गुणा बढी पर्छ भन्ने राष्ट्रवादी ठेकेदारहरूले कहिल्यै ख्याल गरेका छैनन् । २०५० सालमा सुरु गर्न लागिएको अरुण तेस्रो जलविद्युत् आयोजना अहिलेको सत्तारूढ पार्टी एमालेले नरोकेको भए यो मुलुकले लोडसेडिङको अनुभव नै गर्नुपर्ने थिएन । त्यसबेला यही राष्ट्रवाद हाबी भयो । एमालेका तत्कालीन महासचिव माधव नेपालले लगानीकर्ता विश्व बैंकका अध्यक्षलाई सीधै पत्र लेखेर "यो आयोजनाको संरचना र प्रस्तावमा प्रमुख प्रतिपक्षी दलका हैसियतमा आफ्नो गम्भीर असहमति रहेको" जानकारी गराएपछि विश्व बैंक लगायतका लगानीकर्ताले हात झिक्ने निर्णय गरे । यो आयोजनाको प्रक्रिया अघि बढिरहँदा नेपालको तरल राजनीति मध्यावधि निर्वाचनको अवस्थामा पुगेको थियो । एमालेले आफ्नो पार्टी सरकारमा आएमा लगानी, नाफा, वातावरणीय प्रभाव समेतको पुनर्मूल्यांकन गरेर अन्तिम निर्णय दिने तर कामचलाउ बनेको सरकारले गर्न लागेको सम्झौता नमान्ने समेत पत्रमा उल्लेख गरेको थियो। संयोगवश मध्यावधि निर्वाचनपछि एमालेको सरकार बन्यो तर आयोजना अघि बढेन ।

आज अरुण तेस्रो भारतीय लगानीकर्ताको हातमा पुगेको छ र कहिले बन्ने हो भन्ने कुनै ठेगान छैन । उसबेला जापान, अमेरिका, जर्मनी लगायतका मुलुकले ४०२ मेगावाटको अरुण आयोजनामा लगानी गर्ने रुचि देखाएको थिए । माथिल्लो र तल्लो अरुण आयोजना गरेर ८४४ मेगावाट बिजुली उत्पादन हुने प्रक्षेपण गरिएको थियो । विश्वमा अहिलेसम्म १७ प्रतिशत मात्र जलविद्युत् आयोजना छन् । बाँकी बिजुली विभिन्न स्रोतबाट उत्पादन गरिँदै आएको छ । विश्वका सबै देशमा जलविद्युत्को सम्भावना पनि छैन । १५० मुलुकले अहिलेसम्म जलविद्युत् उत्पादन गरेका छन् । जलविद्युत् आयोजना दीगो, वातावरणका दृष्टिले सबैभन्दा उपयोगी र सञ्चालन तथा मर्मत खर्च कम लाग्ने मानिन्छ । नेपालमा ९० हजार मेगावाट जलविद्युत् क्षमता भएको विभिन्न अध्ययनले देखाएको छ । तीमध्ये तीनवटा प्रमुख नदीहरू कोशी, गण्डकी र कर्णालीबाट मात्रै ५० हजार मेगावाट बिजुली निकाल्न सम्भव छ । तर जलविद्युत्मा यति धनी भए पनि क्षमताको २ प्रतिशत बिजुली उत्पादन हुन सकेको छैन। नेपालीहरू खाना बनाउने प्रयोजनमा १ प्रतिशत मात्र बिजुलीको प्रयोग गर्ने अवस्थामा छन् । दाउरा बालेर जीवन धान्ने ६८ प्रतिशत, कृषिजन्य ढोडपराल बाल्ने १५ प्रतिशत, गोबर प्रयोग गर्ने ८ प्रतिशत छन् । अहिलेसम्म ८ प्रतिशत नेपालीले मात्र ग्यास प्रयोग गर्न पाएका छन् । आधाभन्दा बढी मानिसको घरमा त अझै बिजुली पुगेको छैन । छिमेकमा रहेको भुटान पनि नेपाल जस्तै भूपरिवेष्ठित छ ।

२०४६ सम्म भुटानको प्रतिव्यक्ति आय नेपालको भन्दा कम थियो । अहिले भुटानको प्रतिव्यक्ति आय २ हजार ६ सय ३५ अमेरिकी डलर छ । तर नेपालीको प्रतिव्यक्ति आय ७ सय ३४ अमेरिकी डलर मात्र हो । सार्क मुलुकमा आम्दानीका हिसाबले भुटान दोस्रो छ भने नपाल अन्तिम। ७ लाख ६५ हजार जनसंख्या भएको भुटानमा १ हजार ६१५ मेगावाट बिजुली उत्पादन हुन्छ । झन्डै ४० गुणा बढी जनसंख्या भएको मुलुकमा कुल बिजुली उत्पादन ९०० मेगावाट छ । भुटानको बिजुलीले राजस्वको २७ प्रतिशत ओगटेको छ । भुटानको कुल बिजुली उत्पादन क्षमता ३० हजार मेगावाट हो । त्यसमध्ये २३ हजार ७६० मेगावाट बिजुली उत्पादन सम्भव भएको अध्ययनहरूले देखाएका छन् । उसले आगामी सन् २०२० सम्ममा १० हजार मेगावाट उत्पादन गर्ने लक्ष्य छ ।

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वर परको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**जिल्ला समन्वय समिति**
**कालिकोट**

**कालिकोटवासी सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

खानेपानी सरसफाइ तथा सब–डिभिजन
कार्यालय कालीकोट

## मनोरञ्जन


# नर्सिङ सुन्दरीको प्रतिभा



नर्सिङ पेशा गरिरहेका युवतीबीच हुन लागेको 'मिस नेपाल पिस'का प्रतियोगी सुन्दरीले आफ्नो प्रतिभा प्रस्तुत गरेका छन्। नेक्स्ट मोडल्स नेपालले आयोजना गर्न लागेको प्रतियोगिताका २४ प्रतियोगीले नृत्य, गायन, अभिनय, चित्रकला र वक्तृत्वकला लगायतका प्रतिभा प्रस्तुत गरेका थिए । प्रतियोगितामा स्रिया रिजाल, दीपा देवकोटा, रिस्मा श्रेष्ठ, आस्मा प्याकुरेल, पुष्पा तामाङ, इशा पुन, रीना थापा मगर, प्रमिशा गौतम, बाला कार्की, रुकु प्याकुरेल, खारु राई, साजन केसी, प्रमिला पण्डित, पुनम श्रेष्ठ, करिष्मा पाण्डे, आरती बुढाथोकी, सरिता राई, अनु कुमाल, आर्जु श्रेष्ठ, जिना श्रेष्ठ, ग्रीस्मा श्रेष्ठ, मेरीना कटुवाल, सुस्मिता बोगटी, समिक्षा सापकोटा सहभागी छन् । संस्थाका अध्यक्ष रवि धमलाले नर्सिङ पेसाको काम तथा अध्ययन गरिरहेका युवतीहरूको व्यक्तित्व विकास गरी सामाजिक कामप्रति उत्तरदायी बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए। प्रतियोगितामा अभिनेतारगायक कोशिस क्षेत्री, मोडल हन्ट विजेता विक्रम आदित्य महासेठ, कोरियोग्राफर रिना गिरी, डा. अनिमेस जोशी, नेक्स्ट मोडल्सका सिइओ रवि धमला, मिस वर्ल्ड नेपाल २०१६ अस्मी श्रेष्ठ निर्णायक थिए ।

## स्वास्थ्य

# शून्यतिर खस्रे रोग



अन्धो बनाउने खस्रे रोग (ट्रकोमा) नेपालमा निवारण हुने अवस्थामा पुगेको छ। नेपाल नेत्रज्योति संघको अगुवाइमा गरिएको एकीकृत विशेष अभियानपछि यो रोग निवारणको चरणमा पुगेको हो। सरकारले संघलाई सन् १९८१ देखि आँखा स्वास्थ्य सेवाको राष्ट्रिय दायित्व सुम्पेको थियो। नेपालमा उपलब्ध आँखा उपचार सेवाको ९० प्रतिशत हिस्सा संघअन्तर्गत छ। यो संस्था आँखा उपचारका क्षेत्रमा ४ दशकदेखि क्रियाशील छ । राष्ट्रिय नीतिअनुसार सन् २०१७ भित्रमा खस्रे रोग निवारण गर्ने लक्ष्य र खेर संघले शल्यक्रिया, एन्टिबायोटिक्स खुवाउने, हातमुख धुने र वातावरणीय सुधारका कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरेको थियो। यो रोग क्लाइमेडिया ट्रकोमाइटिस नामक जीवाणुको संक्रमणबाट सर्छ। संक्रमित व्यक्तिले प्रयोग गरेको रुमाल र झिँगामार्फत पनि यो रोग सर्ने गर्छ। खुला दिसा वा खानेपानी र फोहोर वातावरणले यो रोग फैलिन सघाउँछ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को मापदण्डअनुसार एक १ देखि ९ वर्षभित्रका बालबालिकामा ५ प्रतिशतभन्दा कममा र १ हजारजनामा एकभन्दा कममा संक्रमण भएमा त्यसलाई निवारण भनिन्छ। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को मापदण्डअनुसार एक १ देखि ९ वर्षभित्रका बालबालिकामा ५ प्रतिशतभन्दा कममा र १ हजारजनामा एकभन्दा कममा संक्रमण भएको अवस्थालाई निवारण भनिन्छ। संक्रमणपछि आँखा चिलाउने र माथिल्लो ढकनीमुनिको भाग खस्रो हुँदै जीवाणुले विस्तारै ५/७ वर्षभित्र आँखाको नानीमा असर गरेर अन्धोपन गराउँछ। अन्धोपनअघि नै रोग पहिचान भएमा शल्यक्रियाबाट निको हुन्छ। सन् १९८१ को पूर्ण जनसंख्यामा आधारित सर्वेक्षण (प्रिभ्यालेन्स सर्भे) मा कुल जनसंख्याको ६.९ प्रतिशतमा खस्रे रोग पाइएको थियो भने ट्रकोमाका कारण २.४ प्रतिशत दृष्टिविहीन बनेका थिए । २० भन्दा बढी जिल्लामा १० प्रतिशत जनसंख्यामा खस्रे रोग संक्रमण भइसकेको (एक्टिभ ट्रकोमा) थियो । यस आधारमा ट्रकोमा अन्धोपनको दोस्रो प्रमुख कारण थियो। त्यसपछि सरकारले संघलाई जिम्मा दिएर कार्यक्रम सञ्चालन गरेको थियो। संघका अनुसार १५ वर्ष अवधिमा खस्रे रोग भएका ३० हजारभन्दा बढीको आँखाको शल्यक्रिया गरिएको थियो।

**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

जिल्ला स्वास्थ्य कार्यालय
कालीकोट

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कर्षि उत्पादन एवं उत्पादकत्व बढाई जिल्लामा स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

नेपाल सरकार कृषि विकास मन्त्रालय
जिल्ला कृषि विकास कार्यालय,
कालिकोट

# चन्दा उठाएर सडक खन्दै स्थानीय, जनप्रतिनीधि १० लाख रकम लिएर भ्रमणमा

**मिसन न्यूज**

**दैलेख-** दैलेख जिल्लाको भैरवी गाउँपालिका वडा नं. ५ (साविकको भैरीकालिकाथुम वडा नं. ९ बाहाँचौर) का स्थानीय बासीले चन्दा उठाएर सडक निर्माणको काम गरेका छन् । गाउँपालिकाको डाडाँमाडी बजार देखि बाहाचौर जोड्ने सडक अन्तरगत डोक्रा सम्म गाउँपालिको बजेटमा सडक निर्माण भएको थियो ।

डोक्रा देखि बाहाँचौर जोड्ने सडकका लागि गाउँपालिकाले कुनै पनि चासो नदेखाएपनि स्थानीय बासीहरुले चन्दा उठाएरै सडक निर्माणको काम थालनी गरेका छन् । स्थानीय बासीका अनुसार १७ घरधुरीले ८१ हजार रुपैयाँ उठाएर सडक निर्माण कार्य थालनी गरेका हुन् । उनिहरुले यसअघि पनि गाउँका प्रतिघरधुरी १०/१० हजार उठाएर सडक निर्माण गरेका थिए । स्थानीय बासी कृष्ण प्रसाद जैसीका अनुसार हाल सम्म स्थानीय बासीले २ लाख ६६ हजार भन्दा बढी रकम चन्दा उठाएर सडक निमार्ण गरेको बताए । उनका अनुसार त्यसरी रकम उठाउनेहरुमा स्थानीय झक्क प्रसाद ढुंगाना, मायाराम अधिकारी, कृष्ण प्रसाद जैसी, मान बहादुर खत्री, लोक प्रसाद ढुंगाना, शिवराज जैसी लगाएतका रहेका छन् । स्थानीय महिला अगुवा सरिता पौडेलका अनुसार डोक्रा देखि बाहाँचौर जोड्ने सडकका लागि गाउँपालिका र वडापालिकाले कुनै पनि चासो नदेखाएपछि स्थानीय बासीहरुले चन्दा उठाएर सडक निर्माणको काम गरेको बताइन् । गाउँपालिका भित्रका स्थानीय बासीहरुले चन्दा मार्फत सडक निर्माण गरिरहदाँ गाउँपालिकाको जम्बो टोली भ्रमणमा निस्किएको छ । भैरवी गाउँपालिका जनप्रतिनिधि, कर्मचारी र पत्रकार सहित ३९ जनाको जम्बो टोली १ हप्ताको भ्रमणमा निस्किएका हो । स्थानिय संरचना सञ्चालन तथा पशुपालनको विषयमा अध्ययन गर्ने भन्दै गाउँपालिकाको १० लाख रुपैयाँको बजेट छुट्याएर कर्मचारी सहित जनप्रतिनिधि भ्रमणमा निस्किएका हुन् ।


जनप्रतिनिधिहरु भ्रमणमा जाँदै

गाउँपालिकाबाट जम्बो टोली भ्रमणमा निस्किएपछि स्थानियहरुले उनिहरुको चर्को विरोध समेत गरेका छन् । भ्रमण स्थानिय संरचना सञ्चालन तथा कृषिका विषयमा सिक्ने भनेपनि भ्रमण टोलीका सदस्यहरु भने दार्जीलिङ्ग पुगेर सेल्फी खिच्दै सामाजिक संजाल फेसबुकमा पोष्ट गरेका छन् । स्थानिय उदयराज अधिकारीले भने गाउँपालिका भित्रका विभिन्न वडामा स्वास्थ चौकी नै छैन् । भएका स्वास्थ्य चौकीहरुमा जिवनजल छैन, धारामा शुद्ध पिउने पानि छैन्, सडक छैन्, विजुली छैन, यस्तो अवस्थामा पनि

बाँकी ८ पृष्ठमा..


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउा र नखुऔा ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔा ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔा ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔा ।

नेपाल सरकार
पशुपंक्षी विकास मन्त्रालय
जिल्ला पशु सेवा कार्यालय
कालिकोट



## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट



## सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौ, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार र

सिंचाइ विकास सव डिभिजन कार्यालय
कालिकोट



उच्च ज्वरो आउाने, खोकी लाग्ने, घााटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै अस्पतालमा आई स्वास्थ्य परिक्षण गराउानुहोस् ।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
जिल्ला स्वास्थ्य कार्यालय कालिकोट

# अन्तराष्ट्रिय न्यूज

## पूर्वक्याटलन नेता जर्मनीमा पक्राउ



**बर्लिन** - क्याटलोनियाका पूर्व राष्ट्रपति कार्लेस पुइगडेमन्ट आइतबार जर्मनीमा पक्राउ परेका छन्। स्पेनबाट स्वघोषित रूपमा निर्वासनमा गएको चार महिनापछि पृथकतावादी नेता पुइगडेमन्ट जर्मनीमा पक्राउ परेका हुन् । स्पेनको नेतृत्वमा रहेको क्याटलोनियालाई विवादास्पद जनमत संग्रहमार्फत गत वर्ष स्वतन्त्र भएको घोषणा गरेपछि पुइगडेमन्टलाई स्पेनको संवैधानिक अदालतले २५ वर्षसम्मको जेल सजाय तोकेको छ । स्पेनको आग्रहपछि फिनल्यान्डले पूर्व क्याटलन नेता पुइगडेमन्टलाई पक्राउ गरी स्पेनलाई सुपुदर्गी गर्ने तयारी गरेपछि उनी गत शुक्रबार फिनल्यान्डबाट डेनमार्क हुँदै जर्मनी प्रवेश गरेका थिए। आफ्ना नेतामाथि स्पेनी सरकारले धरपकड गरेको भन्दै शनिबार क्याटल संसद्का सभामुखले बार्सिलोनामा म्याड्रिडविरुद्ध गठबन्धन बनाउन सबैसँग आग्रह गरेका थिए । पुइगडेमन्टको पक्राउपछि क्याटलन संकट थप खराब हुनसक्ने अनुमान गरिएको छ। गत वर्ष क्याटलोनिया संसद्ले सांकेतिक रूपमा स्पेनबाट स्वतन्त्र भएको घोषणा गरेपछि स्पेनको आर्थिक सहरमा तनाव उत्पन्न भएको थियो। जसका कारण म्याड्रिडले तत्कालीन राष्ट्रपति पुइगडेमन्टलाई बर्खास्त गरी प्रत्यक्ष शासन लागू गरेको थियो । प्रहरीद्वारा जारी गरिएको विज्ञप्तिमा पुइगडेमन्टलाई स्केल्सविग-हल्सटिनलाई डेनमार्कको सिमा नजिकै पर्ने फ्लेन्सबर्ग सहरलाई छुट्याउने ए सेभेन राजमार्गअन्तर्गतको एउटा सेक्सन नजिकैबाट पक्राउ गरिएको हो ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज**
**नरहनुहोस बेखवर गाउँदेखि सहर ।**

MISSION

**मिसन न्यूज**
**राष्ट्रिय साप्ताहिक**

www.missionenews.com

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**जिल्ला वन कार्यालय**
**कालीकोट**
फोन नं. ०८७-४४०००२

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |

| | |
|---|---|
| खानेपानी स.तथा सब–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्‌कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# कर्णाली प्रदेश : आर्थिक कार्यविधि संसदमा दर्ता

**मिसन न्यूज**




प्रदेश सभा ,प्रदेश नं. ६ को कार्यालय

सुर्खेत- आर्थिक मामिला तथा योजना मन्त्रालयले आर्थिक कार्यविधि विधेयक-२०७४ संसदमा दर्ता गरेको छ। कर्णाली प्रदेश संसदमा दर्ता भएको यो विधेयक पहिलो हो । विधेयक पारित भएपछि प्रदेश सरकारलाई बजेट ल्याउने बाटो खुल्ने छ। आर्थिक मामिला मन्त्री प्रकाश ज्वालाले विधेयक पारित भएपछि चालू आर्थिक वर्षको चार महिनाका लागि बजेट सार्वजनिक गरिने बताए। 'चालू आर्थिक वर्षका लागि केन्द्र सरकारले उपलब्ध गराएको एक अर्व दुई करोड बजेट सार्वजनिक गर्नका लागि पनि यो विधेयक संसदबाट पारित हुन आवश्यक छ' मन्त्री ज्वालाले भने, 'यसका साथै आगामी आर्थिक वर्षका लागि पूर्ण आकारको बजेट ल्याउने बाटो पनि खुल्छ।' विधेयकमा प्रतिवद्ध लेखा प्रणाली, सम्पत्ति व्यवस्थापन, बेरुजु फछ्र्यौट, प्रदेश लेखा परीक्षण आन्तरिक नियन्त्रण प्रणाली र जवाफदेहितालाई समेटिएको छ। विधेयकमा प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रण कार्यालयले गर्ने उल्लेख छ।

दफा २६ मा प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरुको एकीकृत वार्षित वित्तिय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रण कार्यालयलाई तोकिएको छ । लेखा नियन्त्रण कार्यालयलाई प्रदेश सरकार अर्न्तगतका सबै कार्यालयहरुको आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्य दक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखा परीक्षण गर्ने अधिकार पनि दिइएको छ। विधेयकको दफा ३९ मा लेखा सम्वन्धी अनियमितता भएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार प्राप्त व्यक्तिलाई जरिवाना गर्ने व्यवस्था गरिएको छ । दफा ४४ (२) मा व्यक्तिगत प्रयोगमा रहेको वा प्रयोग गर्न दिइएको सरकारी जिन्सी धनमाल र सम्पत्तिमा हुन गएको क्षति र नोक्सानी हुन गएमा सो क्षति प्रयोग गर्न दिने र लिने दुबैबाट भराउने उल्लेख छ । विधेयकको दफा ५१ मा आन्तरिक तथा अन्तरिम लेखा परीक्षणबाट हिनामिना भएको भनि ठहर भएको रकम नियमित, असुल, फछ्र्यौट तथा संपरीक्षण हुन नसकेमा सो बेरुजु रकम असुल गर्ने व्यवस्था गरिएको छ। यस्तै दफा ५ मा बजेट तर्जुमा गर्नुअघि त्रिवर्षीय मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने, प्रदेश अर्थमन्त्रीले हरेक वर्षको असार १ गते आगामी आर्थिक वर्षका लागि राजस्व र आयको अनुमान प्रदेशसभामा पेश गर्नुपर्ने उल्लेख छ। यस्तै विधेयकको दफा २२ मा प्रदेश लेखा नियन्त्रण कार्यालयले प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, प्रदेश सरकारलाई संघीय सरकारबाट प्राप्त हुने बैदेशिक अनुदान, ऋण सहायता, लगानी र अन्य कारोवारको एकीकृत लेखा तयार गरेर राख्नुपर्ने व्यवस्था गरिएको छ।

## सूचना

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदा सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आगन सफा राखौं, किटजन्य रोग भगाऔं**
**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं**

**जिल्ला स्वास्थ्य कार्यालय**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

(सव–डिभिजन प्रमुख) एवं
खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालिकोट

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझोँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**नेपाल सरकार कृषि विकास मन्त्रालय**
**जिल्ला कृषि विकास कार्यालय,**
**कालिकोट**

## जनप्रतिनिधि......

पाउने यत्ति नै हो भनेर सचिव बलबहादुर विकले दिए।' उनले भनिन्, 'गरिब दुःखीले काम गरेपनि न्यायसंगत तरिकाले पैसा दिएनन्।' आफूले ५ दिन काम गरेर १ सय मात्रै रुपैया पाएको अर्का स्थानीय दिपा थापाले गुनासो गरिन्। 'मेहनत गर्ने हामी, पैसा खाने उनीहरु' उनले भनिन्, 'हाम्रा गुनासा कसले सुन्देला खै' । अर्का स्थानीय अमर थापाले उपभोक्ता समितिले अहिलेसम्म बैठक समेत नबसालेको बताए। 'पैसा खाने नियत देखिएको छ, कम्तिमा यति बजेट आयो भनेर त जानकारी दिनुपर्छ नि ?' उनले भने, 'घरमै गएर सचिव बलबहादुर विकले यसरी पैसा बाँडनुको पछाडी अरु के रहस्य होला र ?' यता, उपभोक्ता समितिका अध्यक्ष विष्णु आचार्यले त्यसबारेमा केही थाहा नभएको प्रतिक्रिया दिए । 'खाता सबै सचिव ज्यूसँग छ। मलाई जानकारी नै भएन।' उनले आफूलाई पन्छाउदै त्यो सबै हेर्ने जिम्मा सचिवको मात्रै भएको र आफूले नहेरेको बताए । केहि दिनअघि नगर प्रमुखले कसैले पनि भ्रष्टाचार गरेमा कडा कारवाही गर्ने नगरपालिकाका सबैलाई चेतावनी दिएका थिए।

## तरकारी खेतिले महिलाको आर्थिक...............

किसान निराश छन् । तरकारी कृषि पाठसाला निर्माण गरी तरकारी खेती गरिरहेका किसानहरूले तरकारीको उचित मूल्य नपाउँदा मर्का परेको स्थानीय रिसमा शाही बताउँछिन् । पाठसाला बाहेकका बिचौलियाका कारण आफूहरूले उचित मूल्य नपाएको उनको गुनासो छ। 'लामो समयदेखि विभिन्न किसिमका तरकारी उत्पादन गर्दै आएकी छु,' उनले भनिन् 'धेरै मेहनत गरेर तरकारी फलाउँछौं तर व्यापारीहरूले उचित मूल्य नै दिँदैनन्।'

सिँचाइ सुविधाबाट राम्रो भएमा अझै तरकारी उत्पादन गर्न जागर लाग्ने स्थानीय महिलाको भनाइ छ । नगरपालिका संचालित विकास परियोजनाले तरकारीको विउविजन उपलब्ध गराएर तरकारी उत्पादन गर्ने गरेको स्थानीय कृषक रिसमा शाहीले बताईन्। सिँचाई सुविधाको समस्याका कारण गाएका महिला समस्यामा परेका छन्। तर, यहाँका महिलाहरुले तरकारी खेतीबाटै मनग्य आम्दानी गरिरहेका छन्। तरकारी पेशाबाट गाउँका महिला सन्तुष्ट भएको सुनाउँछिन् । 'एक सिजनमा कम जमिन हुनेले कम्तिमा ५० देखि ६० हजार कामाउँछन' कृषी प्राविधिक लोकजङ्ग शाहीले भने, 'बढी जमिनमा तरकारी फलाउनले लाखभन्दा बढी आम्दानी गर्छन्।' अहिले यो क्षेत्रमा नर्सरीमा सिँचाइको प्रयोगबाट तरकारी खेती भइरहेको छ।

तर, यसले किसानहरूको मनमा तरकारी उत्पादन गर्ने उत्साह जागेको छ। यस क्षेत्रका किसानहरू काँक्रा, आलु, काउली, टमाटरलगायतका तरकारी उत्पादन गर्दै आइरहेका छन् । यो क्षेत्रमा तरकारी उत्पादनमा महिलाको सहभागितामा व्यवसायीक तरकारी कृषक पाठसाला निर्माण गरेर तरकारी खेती गरिरहेका छन्। किसानलाई प्रोत्साहन गर्न विकास परियोजना मार्फत आवश्यकता अनुसारको विउँविजन उपलब्ध गराउने विकास परियोजना संयोजक प्रेमबहादुर फडेराले सुनाए। कृषि क्षेत्रमा सरकारी निकायले लगानी गरेमा यो क्षेत्रको आर्थिक समृद्धि हुने निश्चित भएको कृषक अगुवाले बताए।

**(भ्रष्टाचार विरुद्धको सहकार्यःसुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं. ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०**

**फ्याक्स नं. ०८३–५२३८८४**

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

Olj ciaasurkhet@gmail.com

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्बन्धि सुरक्षित व्यवहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्बन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**(सव–डिभिजन प्रमुख)**

**एवं खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय परिवार कालिकोट**

**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धार स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com

**कम्प्युटर अप्रेटर आवश्यकता**

**प्रकाशित मिति : २०७४।१२।०७**

बेस्ट कर्णाली मिडिया प्रा.लि.मा कम्प्युटर अप्रेटरको आवश्यक भएकाले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गर्न अनुरोध छ।

**पद** : कम्प्युटर अप्रेटर

**संख्या** : १ जना

**योग्यता** :

–प्रविणतापत्र तह (प्लस टु) उर्तिण गरेको
– सम्बन्धित क्षेत्रमा कम्तिमा पनि २ वर्ष काम गरेको अनुभव भएको
–विशेष गरी पेजमेकरमा सीप र अनुभव भएको
– पत्रिका सेटिङमा ज्ञान भएको
– कम्प्युटर (Ms\ Office) मा दक्षता भएको

सूचना प्रकाशन भएको एक हप्ता भित्र बेस्ट कर्णाली मिडियाको खाँडाचक्र नगरपालिका – १ मान्म बजारमार रहेको कार्यालयमा सम्पर्क गर्नहुन जानकारी गरिन्छ ।

**नोट** : सूचि संक्षेपिकरणमा परेका उम्मेरद्धारहरुलाई मात्रै लिखित र अर्न्तवार्तामा सहभागि गराइने छ।

**सम्पर्क नम्बर** : ०८७– ४४०२४२

**इमेल ठेगाना** : bestkarnalimedia@gmail.com